खण्ड : ९  बाबियाचौर, म्याग्दी,  संख्या : ५  मिति : २०८३ साल असोज ०८

# मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९  बाबियाचौर, म्याग्दी,  संख्या : ५  मिति : २०८३ साल असोज ०८

भाग-२

मंगला गाउँपालिका

## सामुदायिक सिकाई केन्द्र परिचालक छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः**

सामुदायकि सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को दफा २२ को उपदफा (३) बमोजिम स्थानीय तहले कार्यविधि बनाउन सक्ने व्यवस्था रहेको तथा सामुदायिक सिकाई केन्द्रको सञ्चालन, व्यवस्थापन, नियमन र गुणस्तर अभिवृद्धिका लागि परिचालकको छनोट तथा सिफारिस प्रक्रियालाई व्यवस्थित, पारदर्शी, निष्पक्ष र प्रतिस्पर्धात्मक बनाउन आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) तथा प्रचलित कानून बमोजिम मंगला गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सामुदायिक सिकाई केन्द्र परिचालक छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "केन्द्र" भन्नाले सामुदायिक सिकाई केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को दफा ३ बमोजिम स्थापित सामुदायिक सिकाई केन्द्र सम्झनुपर्छ । सो शब्दले यो मापदण्ड लागू हुनुअघि स्वीकृति पाई सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रलाई समेत जनाउँछ ।

(ख) "परिचालक" भन्नाले साविकमा नियुक्ति लिई कार्यरत रहेका वा नियुक्ति हुने सामुदायिक सिकाई केन्द्रको महिला समुदाय परिचालक कर्मचारी सम्झनुपर्छ ।

(ग) "व्यवस्थापन समिति" भन्नाले सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समिति सम्झनुपर्छ ।

(घ) "समुदाय" भन्नाले स्थानीय तहमा स्थायी बसोबास गरी निरन्तर शिक्षा, सिकाई तथा समाजको विकासमा क्रियाशील व्यक्तिहरूको समूह सम्झनुपर्छ ।

(ङ) "गाउँ कार्यपालिका" भन्नाले मंगला गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "गाउँपालिका" भन्नाले मंगला गाउँपालिका सम्झनुपर्छ ।

(छ) "शिक्षा शाखा" भन्नाले मंगला गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(ज) "छनोट समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित सामुदायिक सिकाई केन्द्र परिचालक छनोट तथा सिफारिस समितिलाई सम्झनुपर्छ ।

(झ) "विषयविज्ञ" भन्नाले परिचालक छनोट तथा सिफारिसका लागि गाउँपालिकाले सूचीकृत गरेका सम्बन्धित विषयका विज्ञलाई सम्झनुपर्छ ।

(ञ) "करार सेवा" भन्नाले यस कार्यविधि बमोजिम परिचालक पदमा नियुक्ति भई निश्चित अवधिका लागि सेवा गर्ने व्यवस्था सम्झनुपर्छ ।

(ट) "पारिश्रमिक" भन्नाले परिचालकले करार सम्झौता बमोजिम सेवा गरेबापत प्राप्त गर्ने रकम सम्झनुपर्छ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सामुदायिक सिकाई केन्द्रमा परिचालक छनोट तथा सिफारिस प्रक्रियालाई व्यवस्थित, निष्पक्ष, पारदर्शी र प्रतिस्पर्धात्मक बनाउने ।

(ख) योग्य, सक्षम तथा जिम्मेवार परिचालक छनोट गरी सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(ग) परिचालकको छनोट, सिफारिस, नियुक्ति तथा करार सेवा सम्बन्धी व्यवस्था स्पष्ट गर्ने ।

(घ) सामुदायिक सिकाई केन्द्रको सेवा प्रवाह तथा गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउने ।

## परिच्छेद-२
## परिचालक छनोट तथा सिफारिस समिति

**४. छनोट तथा सिफारिस समितिः** (१) सामुदायिक सिकाई केन्द्रमा करार सेवामा परिचालक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक केन्द्रका लागि देहाय बमोजिमको एक छनोट समिति रहनेछः

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -संयोजक

२. सम्बन्धित सिकाई केन्द्रको व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको एक जना -सदस्य

३. गाउँपालिकाले सूचीकृत गरेका सम्बन्धित विषयका विषयविज्ञमध्ये प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना -सदस्य

४. गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी —सदस्य

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यक्तानुसार अन्य कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) छनोट समितिले प्रचलित कानून तथा यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्नेछ ।

**५. छनोट समितिको सचिवालयः** छनोट समितिको सचिवालय मंगला गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

**६. मापदण्ड पालना गर्नेपुर्नेः** (१) परिचालक छनोट तथा सिफारिस गर्दा प्रचलित कानून, सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ तथा यस कार्यविधिको पालना गर्नुपर्नेछ ।

(२) छनोट समितिले कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गर्न सक्नेछ ।

**७. बैठक सञ्चालनसम्बन्धी व्यवस्थाः** (१) छनोट समितिको बैठक संयोजक र कम्तीमा २ सदस्यको उपस्थितिमा बस्नेछ ।

(२) बैठकको कार्यसूची, निर्णय, प्रक्रिया, अभिलेख राख्ने लगायतका अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-३
## विषयविज्ञ तथा विज्ञापन सम्बन्धी व्यवस्था

**८. विषयविज्ञ सम्बन्धी व्यवस्थाः** (१) परिचालक छनोट तथा सिफारिसका लागि गाउँपालिकाले सूचीकृत गरेका विषयविज्ञको सहयोग लिन सकिनेछ ।

(२) शिक्षा शाखाले प्रत्येक वर्ष असोज मसान्तभित्र विषयविज्ञको सूची प्रकाशन गर्नेछ ।

(३) लिखित परीक्षाको प्रश्नपत्र तयारी, उत्तरपुस्तिका परीक्षण तथा अन्तर्वार्ता सम्बन्धी कार्य सूचीकृत विषयविज्ञ मार्फत गराउन सकिनेछ ।

(४) सूचीकृत सूचीमा रहेको भएपनि सम्बन्धित सामुदायिक सिकाई केन्द्रको सेवा क्षेत्रभित्रका सूचीकृत विषयविज्ञलाई आफ्नो केन्द्रको परिचालक छनोटमा सहभागी गराइने छैन।

**९. विज्ञापन तथा दरखास्तसम्बन्धी व्यवस्थाः** (१) परिचालक पदमा पदपूर्ति गर्न गाउँपालिकाको स्वीकृत दरबन्दी, बजेट तथा आवश्यकता अनुसार सम्बन्धित सामुदायिक सिकाई केन्द्रको मागका आधारमा विज्ञापन गरिनेछ ।

(२) विज्ञापनमा पदसंख्या, न्यूनतम योग्यता, दरखास्त दस्तुर, दरखास्त दिने अन्तिम मिति, परीक्षा मिति, परीक्षा केन्द्र, पाठ्यक्रम तथा अन्य आवश्यक विवरण खुलाउनुपर्नेछ ।

(३) प्राप्त दरखास्त छानबिन गरी रीत पुगेका दरखास्त दर्ता गर्नुपर्नेछ ।

(४) स्वीकृत नामावली प्रकाशन गरी उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति, समय र स्थानको जानकारी गराउनुपर्नेछ ।

(५) दरखास्त तथा परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## योग्यता, परीक्षा तथा छनोट

**१०. न्यूनतम शैक्षिक योग्यताः** परिचालक पदका लागि न्यूनतम शैक्षिक योग्यता सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्द, २०७८ तथा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

**११. छनोट परीक्षा:** (१) परिचालक छनोट गर्दा देहाय बमोजिमका परीक्षा सञ्चालन गरिनेछः

| **क्र.सं.** | **परीक्षा** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | लिखित परीक्षा | १०० |
| २ | अन्तर्वार्ता | १५ |
| ३ | शैक्षिक योग्यता तथा अनुभव | १० |
| जम्मा | | १२५ |

(२) लिखित परीक्षा वस्तुगत तथा विषयगत दुवै प्रणालीमा सञ्चालन गरिनेछ ।

(३) लिखित परीक्षाको पाठ्यक्रम अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) परीक्षाको माध्यम नेपाली, अङ्ग्रेजी वा दुवै हुन सक्नेछ ।

(५) लिखित परीक्षामा उतीर्ण हुन कुल पूर्णाङ्कको ४० प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको हुनुपर्नेछ । वस्तुगत परीक्षामा नकरात्मक मार्किङको व्यवस्था हुनेछैन ।

(६) लिखित परीक्षा उत्तीर्ण भएका सबै उम्मेदवार अन्तर्वार्तामा सहभागी हुनेछन् ।

**१२. अन्तर्वार्ता तथा योग्यताक्रमः** (१) अन्तर्वार्तामा देहाय बमोजिम अङ्क प्रदान गरिनेछः

| **मूल्याङ्कनको आधार** | **अधिकतम अङ्क** |
|---|---|
| व्यक्तित्व | ५ |
| विषयवस्तुको ज्ञान | ६ |
| तार्किक क्षमता | ४ |
| जम्मा | १५ |

(२) शैक्षिक योग्यता तथा अनुभव बापत अङ्क प्रदान गर्ने व्यवस्था अनुसूची-२ बमोजिम हुनेछ ।

(३) लिखित परीक्षा, अन्तर्वार्ता, शैक्षिक योग्यता तथा अनुभव बापत प्राप्त अङ्कको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

(४) तोकिएको न्यूनतम प्राप्ताङ्क भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई मुख्य र दोस्रो उच्चतम अङ्क प्राप्त गर्नेलाई वैकल्पिक उम्मेदवारका रूपमा सिफारिस गरिनेछ ।

(५) योग्यताक्रम निर्धारण गर्दा अन्तर्वार्ताको अङ्क र शैक्षिक योग्यता/अनुभवको अङ्क पनि जोडिनेछ ।

**१३. परीक्षा तथा मूल्याङ्कनसम्बन्धी अन्य व्यवस्थाः** (१) परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा अङ्क प्रदान गर्ने कार्य निष्पक्ष र पारदर्शी रूपमा गर्नुपर्नेछ ।

(२) परीक्षामा विद्युतीय सामग्री प्रयोग गर्न पाइने छैन ।

(३) परीक्षा तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## सिफारिस, नियुक्ति तथा करार सम्बन्धी व्यवस्था

**१४. सिफारिस सम्बन्धी व्यवस्थाः** (१) छनोट समितिले यस कार्यविधि बमोजिम छनोट भएका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(२) सिफारिस गर्दा मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारको नामावली सहित सम्बन्धित सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) केन्द्र व्यवस्थापन समितिले सिफारिस सम्बन्धी सम्पूर्ण विवरण र वैयक्तिक कागजातसहित नियुक्ति र हाजिरी पश्चात शिक्षा शाखामा अभिलेखिकरणका लागि पेस गर्नुपर्नेछ ।

**१५. नियुक्ति तथा करार सम्झौताः** (१) सिफारिस भएका उम्मेदवारलाई सम्बन्धित सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिले निर्णय गरी अनुसूची-३ बमोजिम करार सम्झौता गरी नियुक्ति गर्नेछ ।

(२) नियुक्ति पत्र प्राप्त गरेको मितिले बढीमा सात दिनभित्र सम्बन्धित सामुदायिक सिकाई केन्द्रमा हाजिर हुनुपर्नेछ ।

(३) नियुक्ति भएको परिचालकलाई नियमित रूपमा कामकाजमा लगाई सम्बन्धित केन्द्रका अध्यक्ष वा सम्बन्धि वडा कार्यालयले सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

**१६. वैकल्पिक उम्मेदवार नियुक्त गर्न सकिनेः** देहायको अवस्थामा वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई करारमा नियुक्त गर्न सकिनेछः

(क) सिफारिस भएको उम्मेदवारले तोकिएको समयभित्र नियुक्ति नलिएमा ।

(ख) सिफारिस भएको उम्मेदवारले नियुक्ति लिएको छ महिनाभित्र राजीनामा दिएमा ।

(ग) सिफारिस भएको उम्मेदवारको छ महिनाभित्र मृत्यु भएमा ।

(घ) सिफारिस भएको उम्मेदवार नियुक्ति लिएको सात दिनभित्र हाजिर नभएमा ।

**१७. करार अवधिः** (१) करार सेवामा नियुक्त परिचालकको पदावधि बढीमा ६ महिनाको हुनेछ र आवश्यकता अनुसार बढीमा एक वर्षसम्म नवीकरण गर्न सकिनेछ ।

(२) करार नवीकरण स्वतः हुने छैन, दफा २१ बमोजिमको कार्यसम्पादन मूल्याङ्कनको आधारमा मात्र नवीकरण गरिनेछ ।

(३) नवीकरण गर्दा बजेट उपलब्धता र केन्द्रको आवश्यकता पनि हेरिनेछ ।

## परिच्छेद-६
## सेवा, पारिश्रमिक तथा सुविधा

**१८. सेवा, पारिश्रमिक तथा सुविधाः** (१) परिचालकको मासिक पारिश्रमिक गाउँपालिकाको आर्थिक ऐन/बजेटमा तोकिए बमोजिम हुनेछ ।

(२) परिचालकलाई चाडपर्व खर्च तथा अन्य सुविधा गाउँपालिकाले स्वीकृत गरे बमोजिम उपलब्ध गराउन सकिनेछ ।

(३) परिचालकको सेवा, सुविधा तथा अन्य शर्त करार सम्झौतामा उल्लेख गरिनेछ ।

**१९. बिदा सम्बन्धी व्यवस्थाः** परिचालकले गाउँपालिकाले स्वीकृत गरेको करार सम्झौता तथा प्रचलित कानून बमोजिम बिदा लिन सक्नेछ ।

**२०. आचरण तथा अनुशासनः** परिचालकले प्रचलित कानून, गाउँपालिकाको निर्णय तथा सामुदायिक सिकाई केन्द्रको नियम पालना गर्नुपर्नेछ ।

## परिच्छेद-७
## विविध

**२१. कार्यसम्पादन मूल्याङ्कनः** (१) परिचालकको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धित सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिले गर्नेछ ।

(२) कार्यसम्पादन मूल्याङ्कन गर्दा निम्न सूचकहरू (Indicators) हेरिनेछः

क. केन्द्रमा सञ्चालित कार्यक्रममा सहभागीको संख्या

ख. सिकाई केन्द्रको सेवा प्रवाह (पुस्तकालय, अध्ययन सामग्री, सूचना सेवा) र मापदण्डमा बमोजिम अभिलेख व्यवस्थापन

ग. मासिक/त्रैमासिक प्रतिवेदन समयमा बुझाए/नबुझाएको

घ. स्थानीय स्रोत परिचालन र साझेदारी वृद्धि

ङ. GESI (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) को पालना

(३) कार्यसम्पादन मूल्याङ्कनको आधारमा करार नवीकरण, निरन्तरता वा अन्य आवश्यक निर्णय गर्न सकिनेछ।

२२. **करार समाप्तिः** (१) परिचालकले सन्तोषजनक सेवा प्रदान नगरेमा, अनुशासन उल्लङ्घन गरेमा वा करार सम्झौताका शर्त पालना नगरेमा प्रचलित कानून तथा करार सम्झौता बमोजिम करार समाप्त गर्न सकिनेछ ।

(२) करार समाप्ति गर्नुपूर्व सम्बन्धित परिचालकलाई आवश्यक स्पष्टीकरणको अवसर दिनुपर्नेछ ।

२३. **बाधा अड्काउ फुकाउनेः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन वा अस्पष्टता भएमा गाउँ कार्यपालिकाले आवश्यक व्याख्या, थपघट वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको संशोधन गाउँ कार्यपालिकाको बैठकबाट मात्र गर्न सकिनेछ र सो संशोधन सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ ।

२४. **खारेजी तथा बचाउः** (१) यस कार्यविधिको कुनै प्रावधान प्रचलित ऐन, कानून वा मापदण्डसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस कार्यविधि जारी हुनुअघि भएका परिचालक छनोट तथा नियुक्ति सम्बन्धी कार्य प्रचलित कानून बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

## सामुदायिक सिकाई केन्द्र परिचालक पदको अन्तिम पाठ्यक्रम

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

### १. परीक्षा योजना (Exam Scheme)

| चरण | पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| **प्रथम** | **प्रथम पत्र** | सेवा सम्बन्धी सामान्य ज्ञान | ५० | ४०% (संयुक्त) | वस्तुगत | २५ प्रशन x २ अङ्क | ३० मिनेट |
| | **द्वितीय पत्र** | सेवा सम्बन्धी विषयगत ज्ञान | ५० | | विषयगत | १० प्रशन x ५ अङ्क | १ घण्टा ३० मिनेट |
| **लिखित जम्मा** | | | **१००** | | | | **२ घण्टा** |
| **दोस्रो** | **अन्तर्वार्ता** | व्यक्तित्व, विषयवस्तुको ज्ञान तथा तार्किक क्षमता | १५ | ६ | मौखिक | - | - |

### २. प्रथम पत्रः सेवासम्बन्धी सामान्य ज्ञान (वस्तुगत)

**पूर्णाङ्कः**५० ।**परीक्षा प्रणालीः** वस्तुगत (MCQ) ।**प्रश्न संख्याः**२५ ।**प्रत्येक प्रश्नः**२ अङ्क । **समयः**३० मिनेट

| एकाइ | विषयवस्तु | प्रश्न | अङ्क |
|---|---|---|---|
| १ | **नेपाल नेपाल परिचय तथा समसामयिक विषयवस्तुः** नेपालको भूगोल, इतिहास, अर्थतन्त्र, समाज, धर्म, संस्कृति र राष्ट्रिय/अन्तर्राष्ट्रिय समसामयिक घटनाक्रम | २ | ४ |
| २ | **सामुदायिक सिकाई केन्द्रको परिचय तथा महत्त्वः** अवधारणा, उद्देश्य, भूमिका र स्थानीय विकासमा CLC को योगदान | २ | ४ |
| ३ | **नेपालको शिक्षा संरचना तथा अनौपचारिक शिक्षाः** नेपालको शैक्षिक ढाँचा, औपचारिक, अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको व्यवस्था | ३ | ६ |
| ४ | **कानूनी तथा नीतिगत व्यवस्थाः** नेपालको संविधान, शिक्षा ऐन तथा नियमावली, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | ३ | ६ |
| ५ | **मापदण्ड तथा निर्देशिकाः** सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ | ३ | ६ |
| ६ | **स्रोत तथा सहजीकरण पुस्तिकाहरूः**<br>• अनौपचारिक शिक्षा तथा आजीवन सिकाई कार्यक्रम कार्यान्वयन सम्बन्धी सहजीकरण पुस्तिका, २०८० | ३ | ६ |

| एकाइ | विषयवस्तु | प्रश्न | अङ्क |
|---|---|---|---|
| | • सामुदायिक सिकाई केन्द्रको सक्षमतासम्बन्धी सहजीकरण पुस्तिका, २०८२<br>• सामुदायिक सिकाई केन्द्रः व्यवस्थापन क्षमता अभिवृद्धि तालिम स्रोत पुस्तिका, २०७८ | | |
| ७ | **मंगला गाउँपालिका परिचयः** म्याग्दी जिल्ला र मंगला गाउँपालिकाको भौगोलिक, शैक्षिक, सामाजिक, आर्थिक अवस्था तथा स्थानीय शासन प्रणाली | ३ | ६ |
| ८ | **अभिलेख व्यवस्थापन तथा लेखापरीक्षणः** केन्द्रका श्रेस्ता, कागजात, अभिलेख व्यवस्थापन, आय-व्यय र आन्तरिक/अन्तिम लेखापरीक्षण | २ | ४ |
| ९ | **IEMIS तथा सूचना र सञ्चार प्रविधि (ICT):** सिकाई केन्द्रको इमिस (IEMIS) व्यवस्थापन, कम्प्युटर, इन्टरनेट, टाइपिङ (नेपाली/अंग्रेजी) र डिजिटल साक्षरता | २ | ४ |
| १० | **सामान्य बौद्धिक परीक्षण (IQ):** शाब्दिक, अशाब्दिक तार्किक क्षमता तथा समस्या समाधान कौशल | २ | ४ |
| **जम्मा** | | २५ | ५० |

**३. द्वितीय पत्रः सेवासम्बन्धी विषयगत ज्ञान (विषयगत)**

**पूर्णाङ्कः**५० ।**परीक्षा प्रणालीः** विषयगत (गहन उत्तर) ।**प्रश्न संख्याः**१० ।**प्रत्येक प्रश्नः**५ अङ्क । **समयः**३० मिनेट

| एकाइ | विषयवस्तु | प्रश्न | अङ्क |
|---|---|---|---|
| १ | **सामुदायिक सिकाई केन्द्रको अवधारणा, भूमिका र कानूनी व्यवस्थाः** CLC को स्थापना, सञ्चालन, कानूनी प्रावधान र स्थानीय तहको जिम्मेवारी | १ | ५ |
| २ | **CLC सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ः** व्यवस्थापन समिति, परिचालकको पदिय कर्तव्य, अधिकार, दायित्व र केन्द्रको सञ्चालन प्रक्रिया | १ | ५ |
| ३ | **अनौपचारिक, निरन्तर तथा लक्षित शिक्षाः** अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई, महिला शिक्षा, अभिभावक शिक्षा र प्रौढ शिक्षाको कार्यक्रम सञ्चालन | १ | ५ |
| ४ | **बैठक सञ्चालन, व्यवस्थापन र अभिलेखनः** विभिन्न बैठक, सभा तथा सम्मेलनको आयोजना, कार्यसूची निर्माण, निर्णय लेखन र निर्णय कार्यान्वयन | १ | ५ |
| ५ | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाई कार्यक्रमः** कार्यक्रम तर्जुमा, लक्षित वर्गको पहिचान, सिकाई सहजीकरण र सिकाई केन्द्र एक आजीवन सिकाई थलो (Lifelong Learning Hub) का रूपमा विकास | १ | ५ |

| एकाइ | विषयवस्तु | प्रश्न | अङ्क |
|---|---|---|---|
| ६ | **नमूना सिकाई केन्द्र तथा नवप्रवर्तनात्मक कार्यक्रमः** नमूना CLC विकास, नवप्रवर्तनात्मक (Innovative) सिकाई अभ्यास, सामुदायिक पुस्तकालय सञ्चालन र आयमूलक क्रियाकलाप | १ | ५ |
| ७ | **प्रस्ताव निर्माण, योजना र प्रतिवेदन लेखनः** कार्यक्रम/परियोजना प्रस्ताव लेखन, सहभागीमूलक योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन र कार्यक्रम प्रतिवेदन लेखन | १ | ५ |
| ८ | **GESI, स्थानीय स्रोत परिचालन र सामुदायिक परिचालनः** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), स्थानीय स्रोत, साधन र साझेदार संस्थासँग समन्वय र सहकार्य | १ | ५ |
| ९ | **सूचना/तथ्याङ्क व्यवस्थापन र डिजिटल साक्षरताः सेवा क्षेत्रको सूचना/तथ्याङ्क सङ्कलन, संकलन, विश्लेषण, प्रस्तुतीकरण र डिजिटल तथा सूचना साक्षरता (IEMIS/Online Reporting)** | १ | ५ |
| १० | **मंगला गाउँपालिकाको शैक्षिक तथा सामाजिक परिवेशः स्थानीय शैक्षिक चुनौती, अवसर, सम्भावना र मंगला गाउँपालिकामा CLC को प्रभावकारी भूमिका** | १ | ५ |
| **जम्मा** | | १० | ५० |

**४. दोस्रो चरणः अन्तर्वार्ता (Interview)**

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अधिकतम अङ्क** |
|---|---|---|
| १ | व्यक्तितव (Personality) | ४ |
| २ | विषयवस्तुको ज्ञान (Subject Matter Knowledge) | ७ |
| ३ | तार्किक क्षमता तथा अभिव्यक्ति कला (Logical Capability) | ४ |
| **जम्मा** | | **१५** |

## अनुसूची-२
## शैक्षिक योग्यता तथा अनुभव बापत अङ्क
(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्क विभाजनको आधार र शर्तहरू | अधिकतम अङ्क |
|---|---|---|---|
| १ | न्यूनतम शैक्षिक योग्यताबापत | • प्रथम श्रेणी वा सोभन्दा माथि (GPA २.६१ वा सोभन्दा माथि)ः ३ अङ्क<br>• द्वितिय श्रेणी (GPA २.०१ देखि २.६० सम्म)ः २ अङ्क<br>• तृतीय श्रेणी (GPA १.६० देखि २.०० सम्म)ः १ अङ्क | ३ |
| २ | सम्बन्धित क्षेत्रमा कार्य अनुभव बापत (अनौपचारिक शिक्षा, सामुदायिक विकास, वा सामाजिक क्षेत्रमा प्राप्त अनुभव) | • ५ वर्ष वा सोभन्दा बढी अनुभव भएमाः ५ अङ्क<br>• ३ वर्ष वा सोभन्दा बढी ५ वर्षभन्दा कम अनुभव भएमाः ४ अङ्क<br>• १ वर्ष वा सोभन्दा बढी ३ वर्षभन्दा कम अनुभव भएमाः ३ अङ्क<br>• १ वर्षभन्दा कम अनुभव भएमाः २ अङ्क | ५ |
| ३ | स्थानीय विवाहित महिला बापत | • मंगला गाउँपालिकाभित्र स्थायी ठेगाना भई विवाह भई आएकी महिला भएमा (स्थानीयता र लैङ्गिक समावेशिकरण प्रोत्साहन स्वरूप)ः २ अङ्क | २ |
| **जम्मा** | | | १० |

## अनुसूची-३
## करार सम्झौताको ढाँचा
(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

पहिलो पक्षः श्री ............. सामुदायिक सिकाई केन्द्र (CLC), ......... गाउँपालिका, वडा नं. ..
*(व्यवस्थापन समितिको अध्यक्ष/संयोजकको तर्फबाट)*

दोस्रो पक्षः श्री ......................., स्थायी ठेगानाः .......... गाउँपलिका, वडा नं. .... (परिचालक)

उपरोक्त दुवै पक्षबीच सामुदायिक सिकाई केन्द्रको निर्णयानुसार दोस्रो पक्षलाई यस केन्द्रको परिचालक' पदमा सेवा करारमा कामकाज गर्न/गराउन देहायका शर्तहरूको अधीनमा रही यो सम्झौता गरिएको छः

प्रमुख शर्तहरूः

१. **कामकाज तथा कार्यविवरणः** दोस्रो पक्षले तोकिएको समय र स्थानमा उपस्थित भई सम्बन्धित वडा कार्यालयको मातहतमा रही सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को दफा १०, ११ र १२ मा तोकिएको कार्यविवरण अनुसारका बार्षिक कार्यहरू तथा गाउँपालिका/वडा कार्यालयले समय-समयमा तोकेका अन्य थप कामकारबाहीहरू पूर्ण जिम्मेवारीका साथ सम्पादन गर्नुपर्नेछ ।

२. **कार्यस्थलः**
श्री ......................................... सामुदायिक सिकाई केन्द्र र आवश्यकता अनुसार स्थानीय तह वा तोकिएका अन्य स्थान ।

३. **पारिश्रमिक तथा सुविधाः** प्रचलित नियमानुसार तोकिए बमोजिमको मासिक पारिश्रमिक रु. ................।- (अक्षरेपी .......................................... मात्र) र नियमानुसारको अन्य सुविधा बैङ्क खाता वा तोकिए अनुसार भुक्तानी गरिनेछ ।

४. **आचरण तथा अनुशासनः** दोस्रो पक्षले प्रचलित शिक्षा ऐन, नियम, स्थानीय तहको कानून तथा सामुदायिक सिकाई केन्द्रको आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेछ ।

५. **मदिरा तथा अनुशासन सम्बन्धी कडा व्यवस्थाः** दोस्रो पक्षले मदिरा वा कुनै पनि नशाजन्य पदार्थ सेवन गरी कार्यस्थल वा केन्द्रमा उपस्थित हुन पाउने छैन । मदिरा सेवन गरी उपस्थित भएको वा अमर्यादित व्यवहार गरेको प्रमाणित भएमा पहिलो पक्षले कुनै पूर्व सूचना बिना तत्काल सम्झौता रद्द गर्न सक्नेछ ।

६. **बिदा सम्बन्धी व्यवस्थाः** बिदाको प्रयोग पूर्व-स्वीकृत गराएर मात्र गर्न पाईनेछ । स्वीकृत बिदा स्थानीय तह वा केन्द्रको नियमानुसार हुनेछ ।

७. **सम्पत्तिको सुरक्षा तथा क्षतिपूर्तिः** केन्द्रको चल-अचल सम्पत्ति, उपकरण वा जिन्सी सामानको नोक्सानी वा हिनामिना भएमा सोको क्षतिपूर्ति दोस्रो पक्षबाट असुलउपर गरिनेछ ।

८. **गोपनीयताः** केन्द्रका कुनै पनि आधिकारिक कागजात, विवरण वा गोपनीय सूचना अनधिकृत व्यक्तिलाई उपलब्ध गराउन पाइने छैन । सो गरेमा सम्झौता अन्त्य गरी नियमानुसार कारबाही गरिनेछ ।

९. **करार अवधिः** यो सम्झौता मिति २०..../..../.... देखि मिति २०..../..../.... सम्म लागू हुनेछ ।

१०. **कार्यसम्पादन मूल्याङ्कन तथा नवीकरणः** पहिलो पक्षले गर्ने कार्यसम्पादन मूल्याङ्कन र सिकाई केन्द्र व्यवस्थापन समितिको निर्णयका आधारमा नियमानुसार करार अवधि नवीकरण गर्न सकिनेछ ।

११. **सम्झौताको अन्त्यः**

- पूर्व सूचना नदिई लगातार १५ दिनभन्दा बढी अनुपस्थित रहेमा,
- कार्यसम्पादन सन्तोषजनक नभएमा वा आचरण उल्लङ्घन गरेमा,
- शारीरिक रूपमा सेवा दिन असमर्थ भएमा वा मदिरा सेवन गरी उपस्थित भएको प्रमाणित भएमा,
- दुवै पक्षको आपसी सहमतिमा १ महिना अगावै लिखित सूचना दिएर ।

१२. **स्थायी हकदाबी नपुग्नेः** यस करार सम्झौताको आधारमा दोस्रो पक्षले भविष्यमा कुनै पनि स्थायी वा अस्थायी नियुक्तिको हकदाबी गर्न पाउने छैन ।

**हामी हामी दुवै पक्षले माथि उल्लेखित शर्तहरू राम्ररी पढी, बुझी, पूर्ण मन्जुरीका साथ यो सम्झौता पत्रमा सही छाप गरी एक/एक प्रति आपसमा बुझिलियौं/दियौं।**

| पहिलो पक्ष (सामुदायिक सिकाई केन्द्रको तर्फबाट) | दोस्रो पक्ष (परिचालक) | रोवहर (वडा प्रतिनिधि) |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| पदः अध्यक्ष/संयोजक | पदः (CLC) परिचालक | पदः |
| छापः | ठेगानाः | ठेगानाः |

**आज्ञाले**
**अमृत दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**